# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

मिति २०७७/०९/२० गते सोमबारका दिन चिलिमे जलविद्युत कं.लि.को सभाहल, धुम्बाराही, काठमाण्डौमा सम्पन्न

## आठौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

### १. पृष्ठभूमी

रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको आठौं वार्षिक साधारण सभा मिति २०७७/०९/२० गते सोमबार (तदनुसार ४ जनवरी, २०२१) मा चिलिमे जलविद्युत कं.लि.को सभाहल, धुम्बाराही, काठमाण्डौबाट भर्चुवल (Zoom Meeting) माध्यम मार्फत सम्पन्न भयो । कम्पनी सचिव श्री नरनाथ न्यौपानेले सभाहलमा कम्पनीको संचालक समितिका अध्यक्ष, संचालकहरु, प्रमुख कार्यकारी अधिकृत, कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधि, लेखापरीक्षक, शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. का प्रतिनिधि, संस्थापक शेयरधनीका प्रतिनिधिहरुलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै भर्चुवल (Zoom Meeting) माध्यमबाट साधारण सभामा सहभागिता जनाउनुहुने सम्पूर्ण महानुभावहरुलाई आठौं वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नुभयो । कम्पनीको संचालक समितिका अध्यक्ष श्री माधव प्रसाद कोइरालाज्यूको ममतामयि माताको मिति २०७७ साल पुष १७ गते निधन भएका कारण उहाँ सभास्थलमा अनुपस्थित हुनुभयो । जसका कारण साधारण सभाको अध्यक्षता संचालकहरुको सर्वसम्वत निर्णयानुसार संचालक श्री प्रवल अधिकारीज्यूले गर्नुभयो । तत्पश्चात अध्यक्षज्यूको अनुमति अनुसार कम्पनी सचिवद्वारा सभा संचालन भयो ।

साधारण सभामा अध्यक्षज्यूले आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । तत्पश्चात साधारण सभामा छलफलका लागि निर्धारित विषयहरु प्रस्तुत भई सो उपर छलफल तथा निर्णय भएको थियो । साधारण सभा विहान ११:०० बजे शुरु भई निर्धारित विषय सूची अनुसारका विषयहरुमा छलफल तथा निर्णय गरी दिउँसो १:०० बजे सम्पन्न भएको थियो ।

### २. सभाको सूचना

कम्पनीको आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना प्रथम पटक मिति २०७७/०८/२४ गते र दोस्रो पटक मिति २०७७/०९/०९ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । साथै सभाको सूचना, विषय सूची, वार्षिक प्रतिवेदन र आ.व. २०७६/०७७ को वासलात, नगद प्रवाह विवरण र अनुसूचीहरु संस्थापक शेयरधनीहरुको ठेगानामा पनि पठाईएको थियो ।

### ३. उपस्थिति

**(क) कम्पनीका संचालक समिति तथा व्यवस्थापनका पदाधिकारीहरु :**

| | | |
|---|---|---|
| १. | श्री प्रवल अधिकारी | संचालक |
| २. | श्री रोचन श्रेष्ठ | संचालक |
| ३. | श्री सुभाष कुमार मिश्र | संचालक |
| ४. | श्री राम प्रसाद रिमाल | संचालक |

५. श्री भिम प्रसाद तिमल्सिना — संचालक
६. श्री विश्व मल्ल — प्रमुख कार्यकारी अधिकृत
७. श्री छवि लाल गैह्रे — आयोजना प्रमुख
८. श्री धर्मराज शर्मा — प्रमुख, वित्त महाशाखा
९. श्री नरनाथ न्यौपाने — कम्पनी सचिव

**(ख) आमन्त्रित :**

१. श्री दिवाकर शर्मा — श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौ
२. श्री सागर आचार्य — लेखापरीक्षक, आ.व. २०७६/०७७
३. श्री ध्रुव तिमल्सिना — प्रमुख कार्यकारी अधिकृत, शेयर रजिष्ट्रार, श्री सिद्धार्थ क्यापिटल लिमिटेड

**(ग) संस्थापक शेयरधनीका प्रतिनिधिहरु :**

१. श्री प्रशान्त मण्डल — प्रतिनिधी, चिलिमे जलविद्युत कम्पनी लिमिटेड
२. श्री भरत कुमार पौडेल — प्रतिनिधी, नेपाल विद्युत प्राधिकरण

**(घ) सर्वसाधारण समुह तर्फका शेयरधनीहरु :**

यस कम्पनीको पूँजी संरचनामा भएको व्यवस्था बमोजिम गत आ.व. २०७६/०७७ सम्ममा सर्वसाधारण शेयरधनी समुह अन्तर्गतका शेयरधनीहरुलाई छुट्याइएको जारी पूँजीको ४९% शेयर मध्ये ३९% शेयर निष्काशन तथा बाँडफाँड भइसकेको छ । उक्त शेयर बाँडफाँड पश्चात कायम शेयरधनीहरु मध्येबाट यस आठौं वार्षिक साधारण सभामा ९७,१७९ कित्ता शेयर धारण गर्ने शेयरधनीहरुको उपस्थिति तथा सहभागिता भएको थियो ।

## ४. सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु

साधारण सभामा निम्न विषयहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका थिए :

१. संचालक समितिको आ.ब. २०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ साल आषाढ मसान्तको वासलात र आ.ब. २०७६/०७७ को नगद-प्रवाह विवरण सहितका अनुसूचीहरुमा छलफल गरी पारित गर्ने ।
३. आ.ब. २०७७/०७८ का लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

## ५. गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व

कम्पनीले सर्वसाधारण शेयरधनी समुह अन्तर्गतका शेयरधनी मध्ये कर्मचारी संचय कोषमा रकम संचित गर्ने संचयकर्ता कर्मचारीका लागि १९.५%, संस्थापक संगठित संस्थाका कर्मचारीका लागि ३.५%, ऋणदाता संस्थाका कर्मचारीका लागि १% र कम्पनीका कर्मचारी, सामुहिक लगानी कोषहरु र सर्वसाधारणका लागि १५% गरी जारी पूँजीको जम्मा ३९% शेयर निष्काशन तथा बाँडफाँड गरिसकेकोले उक्त समुहबाट ९७,१७९ कित्ता शेयर धारण गर्ने शेयरधनीहरु, ३२.७९% अर्थात २,२४,३७,३१० कित्ता संस्थापक शेयर धारण गर्ने चिलिमे जलविद्युत कम्पनी लिमिटेडका प्रतिनिधि, १८% अर्थात १,२३,१५,७८० कित्ता संस्थापक शेयर धारण गर्ने नेपाल विद्युत प्राधिकरणका प्रतिनिधि

सभा स्थलमा उपस्थित भई हाजिरी जनाउनु भएकाले हालसम्म निष्काशन तथा विक्रि वितरण भएको ६,१५,७८,९०० कित्ता शेयरहरु मध्ये सभामा ५६.५९% अर्थात ३,४८,५०,२६९ कित्ता शेयर संख्याको प्रतिनिधित्व भएको थियो ।

**६. सभाको वैधानिकता**

कम्पनीको जारी पूँजीको ५०.७९% तथा चुक्ता पूँजीको ५६.४४% शेयर धारण गर्ने मुख्य संस्थापक शेयरधनीहरु आफ्ना प्रतिनिधि मार्फत सभास्थलमा उपस्थित भएका र ९७,१७९ कित्ता शेयर धारण गर्नेले सर्वसाधारण समुहका शेयरधनीहरुको समेत सभामा सहभागिता भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७३ र कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभा संचालन गर्नको लागि निर्दिष्ट गणपुरक संख्या पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा सभास्थलमा उपस्थित तथा भर्चुवल माध्यमद्वारा सहभागि शेयरधनीहरुको सभाले गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा बैठक संचालन गर्ने निर्णय गर्‍यो । सो पश्चात आठौ वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीका संचालक श्री प्रवल अधिकारीज्यूले गर्नुहुने कुरा सभामा जानकारी गराईयो । त्यसपछि निर्धारित विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो ।

**७. सभा संचालन तथा प्रस्ताव उपर छलफल**

सभामा विषयसूची अनुसार साधारण सभाको कार्यक्रम संचालन गर्न सभाका अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि कम्पनी सचिवले सभाध्यक्ष श्री प्रवल अधिकारीज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्नुभयो । तत्पश्चात अध्यक्षज्यूले संचालक समितिका तर्फबाट आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि शेयरधनीहरुलाई उक्त प्रतिवेदन तथा उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदन सहितको आ.व. २०७६/०७७ को आर्थिक विवरण र संलग्न अनुसूचीहरु उपर आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न अनुरोध गरियो ।

**८. शेयरधनीहरुको जिज्ञासा तथा राय सुझावहरु**

**(क) श्री चन्द्र नारायण श्रेष्ठ, सर्वसाधारण शेयरधनी :**

शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठले वार्षिक प्रतिवेदनमा निर्माणाधीन आयोजनाको कार्यप्रगति यस आ.व.मा ७८% भएको भन्ने उल्लेख गरिएको र यो प्रगति गत आ.व. को भन्दा जम्मा ६% मात्र बढि भएको देखिएकाले बाँकी २२% कार्य सम्पन्न हुन अझै कति समय लाग्ने हो, यसै आ.व को अन्तिम सम्ममा कार्य सम्पन्न हुने नहुने के हो र आयोजना प्रभावित स्थानीयवासीलाई हालसम्म पनि किन शेयर निष्काशन तथा विक्रि वितरण नगरिएको भन्ने जिज्ञासा राख्नुका साथै यस आठौ वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

**(ख) श्री शिव प्रसाद पौडेल, सर्वसाधारण शेयरधनी :**

शेयरधनी श्री शिव प्रसाद पौडेलले कम्पनीले समयमा नै वार्षिक साधारण सभा गरेकाले संचालक समिति तथा कम्पनी व्यवस्थापनलाई बधाई दिनुभयो । वार्षिक प्रतिवेदन समयमा नै उपलब्ध हुन नसकेकाले आगामी वर्षदेखि यसो नगर्न तथा निर्माणाधीन आयोजनाको कार्यप्रगतिलाई श्रव्यदृष्यमा

देखाइदिएको भएमा शेयरधनीहरुलाई सो को राम्रो जानकारी हुने हुँदा अर्को वर्षदेखि सो व्यवस्था मिलाउँन सुभाव दिनुभयो । साथै उहाँले लागत बढ्यो भन्दा पनि आयोजना निर्माण किन समयमा नै सम्पन्न हुन सकेन सो को कारण प्रष्ट पारिदिन अनुरोध गर्नुभयो । त्यसैगरी प्रशारण लाइन निर्माणमा पनि विशेष ध्यान दिन उहाँले अनुरोध गर्नुभयो ।

**(ग) श्री डमरु बल्लभ घिमिरे, सर्वसाधारण शेयरधनी :**
शेयरधनी श्री डमरु बल्लभ घिमिरेले साधारण सभाको सफलताको शुभकामना दिनुभयो । उहाँले समयमा नै साधारण सभा गरेकाले खुसी पनि व्यक्त गर्नुभयो । वार्षिक प्रतिवेदन आफ्नो ठेगानामा आइपुग्नेगरी पठाइदिन अनुरोध पनि गर्नुभयो । आयोजना सम्पन्न कहिले हुन्छ त्यसको निश्चित मिति चाहीं शेयरधनीहरुलाई बताइदिनुपर्ने भनि आफ्नो धारण राख्नुभयो ।

**(घ) श्री पूर्ण प्रसाद तिमल्सिना, सर्वसाधारण शेयरधनी :**
शेयरधनी श्री पूर्ण प्रसाद तिमल्सिनाले साधारण सभा समयमै भएकोका खुसी व्यक्त गर्नुभयो । उहाँले अन्य देशहरुमा यस्ता आयोजनाहरु तोकिएको समयभन्दा पनि पहिलै सम्पन्न गरिने प्रचलन रहेको भएता पनि हाम्रो देशमा भने विशेषगगरी सरकारी लगानी रहेका आयोजनाहरु समयमै सम्पन्न गर्न तिर ध्यान नदिई रुग्ण अवस्थामा पुर्‍याइएको देखिएकोले त्यस्तो अवस्थामा पुग्न नदिन कर्मचारीहरु लगायत सबैले ध्यान दिनुपर्ने धारण राख्नुभयो । त्यसैगरी आयोजनाको कार्यप्रगति छिटो भन्दा छिटो होस भन्ने कामना समेत गर्नुभयो ।

**(ङ) श्री भरत कुमार पौडेल, सर्वसाधारण शेयरधनी :**
संस्थापक शेयरधनी श्री नेपाल विद्युत प्राधिकरणका प्रतिनिधि श्री भरत कुमार पौडेलले आयोजना निर्माण अवधी लम्बीदै जाँदा लागत बृद्धि हुँदै जाने र सो को कारणले शेयरधनीहरुले पाउने प्रतिफल कम हुने हुँदा आयोजनालाई समयमै सम्पन्न गर्न व्यवस्थापन, संचालक समिति लगायत सरोकारवाला सम्पूर्ण निकायको ध्यान तेतातिर हुनुपर्ने धारण व्यक्त गर्नुभयो ।

**(च) श्री प्रशान्त मण्डल, संस्थापक शेयरधनी :**
संस्थापन शेयरधनी श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेडका प्रतिनिधि श्री प्रशान्त मण्डलले आयोजना निर्माण सम्पन्न हुने मिति राम्रोसंग विश्लेषण गरेर मात्र तय गर्न सुभाव दिनुभयो । नसकिने गरी Target राख्न नहुने धारण राख्नुभयो । लगानीकर्ताहरुले आफ्नो लगानीबाट कति प्रतिफल आउँछ र Pay Back Period कति हो भनेर जिज्ञासा राखिरहेका हुन्छन, आयोजना निमार्ण लागत पनि के कति सम्म पुग्ने हुने हो सो समेत प्रतिवेदनमा उल्लेख गरेमा लगानीकर्ताहरुलाई हिसावकिताव गर्न सजिलो हुने धारण राख्नुभयो । त्यसैगरी आयोजनाको निर्माणमा Critical part हरुको कार्य प्रगति के कति हो सो समेत उल्लेख भएमा राम्रो हुन्थ्यो भन्ने विचार पनि व्यक्त गर्नुभयो ।

**९. संचालक समितिको तर्फबाट शेयरधनीहरुको जिज्ञासाका सम्बन्धमा अध्यक्षज्यूले दिनुभएको जवाफ :**
शेयरधनी महानुभावहरुले उठाउनुभएको विषयवस्तुहरु निकै महत्वपुर्ण रहेका भन्दै अर्थपुर्ण छलफल र सुझावका लागि अध्यक्षज्युले धन्यबाद दिनुभएको थियो । कम्पनीका संचालक र व्यवस्थापन कुशल रहेकाले आयोजनाको निर्माण छिट्टै सम्पन्न हुनेमा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको

विश्वासबाट आफु र कम्पनीलाई निकै गर्व महसुस हुनुका साथै यसबाट अझ थप हौसला प्राप्त भएको धारणा राख्नुभयो । सो अवसरमा आयोजना छिटो भन्दा छिटो सम्पन्न गर्न गराउन कम्पनीले विशेष ध्यान दिइरहेको धारणा पनि अध्यक्षज्यूले व्यक्त गर्नुभयो ।

त्यसैगरी शेयरधनीहरुले वार्षिक प्रतिवेदन उपर गर्नुभएको टिप्पणीका सम्बन्धमा अध्यक्षज्यूले नीतिगत व्यवस्था बाहेकका सानातिना कमि कमजोरीहरुलाई अर्को पटकदेखि सुधार गरिने र सम्पूर्ण शेयरधनीहरुको एउटै जिज्ञासाको रुपमा रहेको आयोजना कहिले सम्पन्न हुन्छ भन्ने विषयका सम्बन्धमा अध्यक्षज्यूले आयोजना निर्माणका अवधीमा आइपरेका काबु बाहिरका परिस्थितिहरु जस्तैः बाढि, पहिरो, कोभिड-१९ को संक्रमण लगायतका अवस्थाहरुको पहिले नै अनुमान गर्न नसकिने भएकाले निर्माण गर्दै गर्दा आइपर्ने यावत समस्याहरुका कारण जलविद्युतीय आयोजनाहरु समयमा सम्पन्न हुन नसक्ने र समयसमयमा कार्यतालिका परिवर्तन भइरहने हुँदा हाम्रो कम्पनीद्वारा निर्माणाधीन आयोजनाले पनि सोही समस्या भोग्नु परिरहेको नमिठो अनुभव आफुहरुसंग भएको धारण व्यक्त गर्नुभयो ।

त्यसैगरी अध्यक्षज्यूले आयोजना निर्माणका सम्बन्धमा सम्बन्धित ठेकेदारहरुलाई आउँदा दिनहरुमा पहिलाको ढिलासुस्तीबाट हासिल हुन नसकेको प्रगतिलाई समेत समाहित हुनेगरी आफ्नो कार्यतालिका बनाउन, प्राविधिक तथा अन्य कामदारहरुको संख्या बृद्धि गर्न र आयोजना निर्माण स्थलमा प्रशस्त मात्रामा निर्माण सामाग्रीको भण्डारण गरी द्रुत गतिमा निर्माण कार्य अगाढी बढाउन निर्देशन दिइएको र सो को अनुगमनको समेत व्यवस्था मिलाइएको जानकारी शेयरधनीहरुलाई गराउँदै शेयरधनीहरुको आशा र भरोशालाई निराशामा परिणत हुन नदिने प्रतिवद्धता समेत व्यक्त गर्नुभएको थियो ।

**१०. निर्णयहरु**

शेयरधनीबाट उठाइएका जिज्ञासाका सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले स्पष्ट पार्ने कार्य सकिएपछि कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिमका प्रस्तावहरु स्वीकृतिका निमित्त निम्नानुसार क्रमशः पेश गर्नुभयो ।

१. साधारण सभामा संचालक समितिको तर्फबाट समितिका अध्यक्षज्युले प्रस्तुत गर्नुभएको आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन माथिको छलफल र त्यसमा राय प्रतिकृया व्यक्त गर्ने कार्य सम्पन्न भई संचालक समितिबाट शेयरधनीहरुको जिज्ञासालाई स्पष्ट पार्ने कार्य समेत सकिएकोले उक्त बार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्व सम्मतिबाट पारित गर्ने निर्णय भएकोले सभाका अध्यक्षज्यूले उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा गर्नुभयो ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित लेखापरीक्षण भएको कम्पनीको आ.व. २०७६/०७७ को आर्थिक विवरणहरु (२०७७ साल आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७६/०७७ को नगद प्रवाह विवरण र अनुसूचीहरु) स्वीकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रस्ताव सर्व सम्मतीबाट पारित गर्ने निर्णय भएकोले सभाका अध्यक्षज्यूले उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा गर्नुभयो ।

३. यस कम्पनीको गत आ.व. मा सम्पन्न सातौं वार्षिक साधारण सभाबाट नियुक्त लेखापरीक्षक चार्टर्ड एकाउण्टेण्ट श्री सागर आचार्यबाट लेखापरीक्षण कार्य सम्पन्न भए पश्चात कम्पनीको आ.ब. २०७७/०७८ को लेखापरीक्षण गर्न श्री महालेखापरीक्षकको कार्यालयसंग परामर्श गर्नुपर्ने कानूनी प्रावधान बमोजिम उक्त कार्यालयसंग परामर्श गरिएको र उक्त कार्यालयबाट प्राप्त परामर्श बमोजिम सिफारिस हुनुभएका गत वर्ष कै लेखापरीक्षक चार्टर्ड एकाउण्टेण्ट श्री सागर आचार्यलाई लेखापरीक्षण शुल्क मु.अ.क. बाहेक गत वर्ष प्रदान गरिएको रकम रु. १७०,०००/- मा रु. १० हजारले बृद्धि गरी हुन आउने रकम मु.अ.क. बाहेक रु. १८०,०००/( (अक्षरेपी एक लाख असी हजार रुपैयाँ मात्र) उपलब्ध गराउने गरी निजलाई लेखापरीक्षकमा नियुक्त गर्न स्वीकृतीका लागि कम्पनीको संचालक समितिको २२८औं बैठकबाट उक्त विषय साधारण सभामा छलफल तथा पारीतका लागि पेश गर्ने निर्णय भएको थियो ।

यसरी श्री महालेखापरीक्षकको कार्यालयबाट सिफारिस हुनुभएका लेखापरीक्षक चार्टर्ड एकाउन्टेण्ट श्री सागर आचार्यलाई लेखापरीक्षण शुल्क वापत मु.अ.क. बाहेक जम्मा रु. १,८०,०००.०० ( अक्षरेपी एक लाख असी हजार मात्र) दिने गरी आ.व. २०७७/०७८ को लागि लेखापरीक्षक नियुक्ति गर्न सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रस्ताव सर्व सम्मतीबाट पारित गर्ने निर्णय भएकोले सभाका अध्यक्षज्यूले उक्त प्रस्ताव पनि सर्वसम्मत रुपमा पारित भएको घोषणा गर्नुभयो ।

**११. साधारण सभा समापन भएको घोषणा**

कम्पनीका अध्यक्षज्यूले शेयरधनी महानुभावहरुले महत्वपूर्ण सल्लाह र सुझाव दिई कम्पनीलाई मार्गनिर्देशन गरिदिनु भएकोमा विशेष धन्यवाद दिंदै शेयरधनीहरुको राय सल्लाह तथा सुझाव अनुसार कम्पनीले आगामी दिनमा आफ्नो कार्य गर्दै जाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित तथा भर्चुवल माध्यमबाट सहभागि भई सहज रुपमा सभा संचालन गर्न सहयोग गरिदिनु भएकोमा पुनः सबैलाई धन्यवाद दिंदै सभा समापन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| (नरनाथ न्यौपाने) | (प्रवल अधिकारी) |
| **कम्पनी-सचिव** | **अध्यक्ष** |

# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

## आठौं वार्षिक साधारण सभा

**संस्थापक शेयरधनी हाजिरी पुस्तिका**

**मितिः २०७७/०९/२० गते, सोमबार**

स्थानः श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेडको सभाहल, धुम्बाराही, काठमाण्डौ ।

| सि.नं | संस्थापक शेयरधनीको नाम, ठेगाना | शेयर कित्ता | प्रतिनिधीको नाम | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री चिलिमे जलविद्युत कम्पनी लि., धुम्बाराही, काठमाण्डौ । | २,२४,३७,३१० | श्री प्रशान्त मण्डल | |
| २ | श्री नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग, काठमाण्डौ । | १,२३,१५,७८० | श्री भरत कुमार पौडेल | |
| ३. | श्री जिल्ला समन्वय समितिको कार्यालय, रसुवा | ८३,७०० | श्री | |
| ४. | श्री गोसाइकुण्ड गाउँपालिका, रसुवा | ११,४१० | श्री | |
| ५. | श्री नौकुण्ड गाउँपालिका, रसुवा | २६,९८० | श्री | |
| ६. | श्री कालिका गाउँपालिका, रसुवा | ११,३१० | श्री | |
| ७. | श्री उत्तरगया गाउँपालिका, रसुवा | ८,२२० | श्री | |
| ८. | | | | |
| ९. | | | | |

# RASUWAGADHI HYDROPOWER COMPANY LTD.

## 8TH ANNUAL GENERAL MEETING

| S.No. | Boid No. | Share holder Name | Kitta | Signature |
|---|---|---|---|---|
| 1 | 1301190000052687 | Anita Acharya | 3153 | |
| 2 | 1301080000013432 | Naranath Neupane | 3089 | |
| 3 | 1301060001454848 | Surendra Bista | 3137 | |
| 4 | 1301060001460387 | Siddhi Neupane | 3153 | |
| 5 | 1301090001028802 | Lal Bahadur Chaudhary | 3000 | |
| 6 | 1301060000261763 | Sushma Regmi | 3105 | Sushma |
| 7 | 1301090001131206 | SEGS 2 | 49039 | |
| 8 | 1301090000748689 | SEF | 16345 | |
| 9 | 1301060001458365 | Malika Moktan | 3168 | |
| 10 | 1301060000218717 | Mekarani Ghale | 3105 | |
| 11 | 1301060000195802 | Dawa Tamang | 3168 | |
| 12 | | Bharat Kumar Poudel (NEA) | 1,2315,780 | |
| 13 | 1301090000010143 | Pradip Awale | 40 | Participate by |
| 14 | 1301120000849534 | Kalpana Ojha | 40 | |
| 15 | 1301530000013940 | Pratima Nepali | 130 | |
| 16 | 1301120000197491 | Purna Prasad Timalsina | 70 | |
| 17 | 1301020000002734 | Chandra Narayan Shrestha | 60 | |
| 18 | 1301150000367374 | Dharama Raj Sharma | 3137 | Sharma |
| 19 | | Prashant Mandal (CHCL) | 22437310 | |
| 20 | 1301120000002418 | Ratna Bdr. Khadka | 40 | |
| 21 | 1301370000178331 | Rishi Ram Bhandari | 80 | |
| 22 | 1301120001035439 | Amir Ratna Tuladhar | 80 | |
| 23 | 1301120000004318 | Vidya Chandra Bade Shrestha | 40 | |
| 24 | | | | |
| 25 | | | | |
| 26 | | | | |
| 27 | | | | |
| 28 | | | | |
| 29 | | | | |
| 30 | | | | |

# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

## आठौं वार्षिक साधारण सभा

### आमन्त्रितहरुको हाजिरी पुस्तिका

मितिः २०७७/०९/२० गते, सोमबार

स्थानः श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेडको सभाहल, धुम्बाराही, काठमाण्डौ ।

| सि.नं | संस्थाको नाम, ठेगाना | प्रतिनिधीको नाम | दस्तखत |
|---|---|---|---|
| १. | श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ । | श्री दिपक शर्मा | भर्चुअल माध्यमबाट सहभागी [illegible] |
| २. | श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ । | श्री कमल प्रसाद निरौला | |
| ३. | लेखापरीक्षक चार्टर्ड एकाउन्टेण्डस श्री सागर आचार्य | श्री सागर आचार्य | |
| ४. | श्री नेपाल धितोपत्र बोर्ड | श्री – | |
| ५. | श्री नेपाल स्टक एक्सचेन्ज लि. | श्री – | |
| ६. | श्री सि.डि.एस.एण्ड क्लियरिङ लिमिटेड | श्री – | |
| ७. | शेयर निष्काशन तथा बिक्रि प्रबन्धक/शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. | श्री ध्रुव तिमल्सीना (CED) | |
| ८. | | | |

# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

## आठौं वार्षिक साधारण सभाको

कम्पनीका पदाधिकारीहरुको उपस्थिति विवरण

मितिः २०७७/०९/२० गते, सोमबार

स्थानः श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेडको सभाहल, धुम्बाराही, काठमाण्डौं ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री माधव प्रसाद कोईराला | अध्यक्ष | अनुपस्थित |
| २. | श्री प्रवल अधिकारी | संचालक | |
| ३. | श्री रोचन श्रेष्ठ | संचालक | |
| ४. | श्री सुभाष कुमार मिश्र | संचालक | |
| ५. | श्री राम प्रसाद रिमाल | संचालक | |
| ६. | श्री भिम प्रसाद तिमल्सिना | संचालक | |
| ७. | श्री विश्व मल्ल | प्रमुख कार्यकारी अधिकृत | |
| ८. | श्री छवि लाल गैह्रे | आयोजना प्रमुख | |
| ९. | अधिवक्ता डा. दिनमणी पोखरेल | कानूनी सल्लाहकार | |

| | | | |
|---|---|---|---|
| १० | नरनाथ चौपोन | कम्पनी - सचिव | [signature] |
| ११ | सिद्धि न्यौपाने | प्रशासकिय अधिकृत | [signature] |
| १२ | सुरेन्द्र बिष्ट | लेखा अधिकृत | [signature] |
| १३ | अनिता आचार्य | लेखा अधिकृत | [signature] |
| १४ | सरोज अधिकारी | प्रशासन प्रमुख | [signature] |
| १५ | धर्मराज शर्मा | वित्त - प्रमुख | [signature] |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |
| २१ | | | |